# धुनिवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

खानीखोला धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या : ०७८/७९

चलानी नम्बर :

मिति : २०७८/०९/०६

## धुनिवेशी नगरपालिका
## पशुपन्छी विकास शाखाको अत्यन्त जरुरी सूचना

केही दिन देखि देशका विभिन्न स्थानमा र यस नगरपालिकाका केही स्थानमा गाईभैंसीहरुमा खोरत रोगका लक्षण देखिन आएको हुंदा रोगको लक्षण देखिएका स्थानमा नियमित सरसफाई तथा निसंक्रमण गर्नहुन, रोगको बारेमा सूचना दिनुहुन, रोगी पशुलाई छुट्टै राखी उपचार तथा स्याहार गर्नुहुन तथा गोठ, फार्म तथा बजार क्षेत्रमा जैविक सुरक्षाका विधिहरु अपनाउनु हुन अनुरोध गरिन्छ ।
यस सम्बन्धि थप परिक्षणको लागि कार्यालयबाट पशुपन्छी रोग अन्वेषण प्रयोगशाला त्रिपुरेश्वरमामा अनुरोध गरिसकिएको व्यहोरा समेत अनुरोध गरिएको छ ।

साथै सकेसम्म छिटो खोरेत रोग विरुद्धको खोप लगाउनुपर्ने भएको हुंदा प्रभावित क्षेत्रका कृषकहरुले पशुपन्छी विकास शाखामा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

उपचारको लागि फोन नं. ९८४१४६८८२९, ९८४९९६३१७४, ९८६६०२६६७३ तथा ९८०१३३४६२७ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सूचना प्रसारणको लागि अनुरोध :
क. कृषि रेडियो
ख. रेडियो राजमार्ग

टंक बहादुर कटुवाल
अधिकृत (छैटौं)

SA· सूचना प्रविधि शाखा: website मा राखिदिनु हुन साथै सबै वडा कार्यालयमा email गरिदिनु हुन।

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : ०७८/०७९
च.नं. : ६०

मिति: २०७८।८।२८

विषयः खोरेत रोग नियन्त्रण सम्बन्धमा।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा विगत केही दिन देखि देशका विभिन्न स्थानमा गाई/भैंसीहरुमा खोरेत रोगका लक्षण देखापरेको सूचना प्राप्त भएकोमा रोग देखापरेका स्थानबाट लिइएका नमूना राष्ट्रिय खोरेत तथा सीमाविहिन पशु रोग अन्वेषण प्रयोगशालामा परीक्षण गर्दा खोरेत रोग पहिचान भएको व्यहोरा जानकारीको लागि अनुरोध छ।

खोरेत रोग संक्रमित पशु तथा ती पशुको सम्पर्कमा आएका वस्तु वा ती पशुको हेरचाह तथा उपचारमा संलग्न व्यक्तिहरुबाट एक स्थानबाट सजिलै अन्यत्र फैलन सक्ने हुँदा रोगको संक्रमण भएको क्षेत्रबाट पशुको ओसारपसार गर्दा अन्यत्र समेत रोगको जोखिम बढ्न गएको छ।

यस सन्दर्भमा खोरेत रोगको नियमित अनुगमन गरी रोग देखापरेको शंका लागेमा पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को अनुसूची १० बमोजिम तत्काल नजिकको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/पशु सेवा विभागमा रोगको सूचना दिन, रोग देखा परेको क्षेत्रमा नियमित सरसफाई तथा निसंक्रमण गर्न, रोगी पशुलाई अलग्गै राखी उपचार तथा स्याहार गर्न, रोग निदानका लागि नमूना संकलन गरी नजिकको पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा परीक्षणका लागि पठाउन, गोठ/फार्म तथा बजार क्षेत्रमा निसंक्रमण लगायतका जैविक सुरक्षाका विधि अपनाउन, स्वस्थ पशुलाई खोरेत विरुद्ध खोप लगाउन, पशुपन्छीका रोगको सघन निगरानी गर्न, रोग देखापरेका क्षेत्रबाट ओसारपसार नियन्त्रणको विधि अनिवार्य रुपमा अपनाउनेलगायतका व्यवस्था कार्यान्वयनका लागि सबै स्थानीय तहहरुलाई जानकारी गराइदिन तहाँ मन्त्रालयमा अनुरोध गरी पठाउने यस मन्त्रालय (सचिवस्तर) को मिति २०७८।८।२८ को निर्णयानुसार अनुरोध छ। साथै रोगको सूचना दिन आउटब्रेक रिपोर्टिङ सम्बन्धी फर्मेट http://www.epivet.gov.np/np/downloads मा उपलब्ध रहेको व्यहोरा समेत अनुरोध छ।

डा. मनिता सुवेदी
पशु चिकित्सक

बोधार्थः
श्री पशु सेवा विभाग,
हरिहरभवन, ललितपुर।